# लिम्चुङबुङ गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड (९) संख्या (१) बाराहा, उदयपुर, कोशी प्रदेश, नेपाल**

कार्यपालिकाबाट पास गरेको मितिः २०८२/०६/१०
पहिलो संशोधन मितिः २०८२/१०/१४


## भाग-२

## लिम्चुङबुङ गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८२

लिम्चुङबुङ गाउँपालिकाको कार्यपालिका वैठकबाट स्वीकृत यो निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम लिम्चुङबुङ गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि, २०७४ अनुसार सर्वसाधारणको जानकारीका लागी प्रकाशन गरिएको छ ।

**२०८२ सालको निर्देशिका नं. ०१**

स्थानीय राजपत्र

# एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८२

**प्रस्तावनाः**

लिम्चुङबुङ गाउँपालिका भित्र खासगरी स्वास्थ्य सेवाका पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुयाउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र पहुँच बढाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) का अधिकार प्रयोग गरि लिम्बुडबुड गाउँ कार्यपालिकाले देहायका निर्देशिका जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो निर्देशिकाको नाम "लिम्बुडबुड गाउँपालिका, एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका २०८२" रहने छ ।

ख) यो निर्देशिका तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रशंगले अर्को अर्थ लागेमा यस निर्देशिकामा,

क) अध्यक्ष भन्नाले लिम्चुङबुङ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ख) उपाध्यक्ष भन्नाले लिम्चुङबुङ गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

ग) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिक समेतलाई जनाउँछ।

घ) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

ङ) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

च) "गाउँपालिका" भन्नाले लिम्बुडबुड गाउँपालिकालाई सम्झनु पर्छ ।

छ) 'सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेवापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

ज। 'सेवा' भन्नाले एम्बुलेन्सले विरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ ।

**३. एम्बुलेन्स सेवा अनुगमन समिति**

१. एम्बुलेन्स सेवा सञ्चालनमा व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहेका एक गाउँ एम्बुलेन्स व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्षः | संयोजक |
| ख. गाउँपालिका उपाध्यक्षः | सदस्य |
| ग. एम्बुलेन्स रहेको सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |
| घ. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ङ. कार्यपालिकाका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधत्व हुने गरी कार्यपालिकाले चयन गरेको २ जना | सदस्य |
| च. गाउँपालिका स्थित संचालित स्वास्थ संथाको प्रमुख | सदस्य |
| छ. गाउँपालिकाको स्वास्थ्य संयोजक | सदस्य सचिव |

**४. एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन समितिः**

१. गाउँपालिकाले एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन गर्न देहायको एक एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति रहनेछः

क) अध्यक्ष वा अध्यक्षले तोकेको ब्यक्ति — संयोजक

ख) प्रशासन शाखा प्रमुख — सदस्य

ग) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

घ) गाउँपालिकाको स्वास्थ्य संयोजक — सदस्य सचिव

२. गाउँपालिका आफैले खरिद गरी वा गाउँपालिकाको अनुदानमा खरिद भएको एम्बुलेन्स उपदफा (१) बमोजिम गाउँपालिका आफैले संचालन नगरी कुनै संघसंस्थालाई हस्तान्तरण गरेमा सोको संचालन सोही संस्थाको व्यवस्थापन कार्य समितिले संचालन तथा व्यवस्थापन समितिको कार्य गर्नेछ ।

३. उपदफा (२) बमोजिम कुनै संघसंस्थालाई हस्तान्तरण भएमा सो संस्थासंग गाउँपालिकाले आवश्यक संझौता गरी हस्तान्तरण गर्नेछ ।

४. उपदफा (१) वा (२) बमोजिमको संचालन तथा व्यवस्थापन समितिका कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेका मानिनेछ ।

५. समितिका बैठक आवश्यकता अनुसार बस्नेछ। समितिका बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

६. समितिका बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## ५. समितिका काम कर्तव्य र अधिकारः

१. समितिका काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्यो र व्यवस्थित रुपमा संचालन गरे, नगरेको अनुगमन गर्ने ।

ख) चालकले पालना गर्नपर्ने आचारसंहिता लाग गराउने । यस निर्देशिकाअनुसारका आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी दिई आचारसंहिता पालना गर्न लगाउने। बारम्बार आचरण उल्लघन गरेमा आवश्यकता अनुसार करार संझौता रद गर्ने ।

ग) एम्बुलेन्स सेवाका बारेमा कुनै गुनासो तथा उजुरी आएमा सो को सुनुवाई तथा व्यवस्थापन गर्ने ।

घ) जिल्लास्तरमा एम्बुलेन्स सम्बन्धी दररेट निर्धारण गर्ने निकायको सिफारीस बमोजिम आवश्यकता अनुसार परिमार्जन गर्ने

ङ) सरोकारवाला तथा अन्य संघहरु विच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ।

च) गाउँपालिकाका विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा संचालनका लागि आवश्यक थप मापदण्ड बनाउने ।

छ) चालकले अनुसुची १ बमोजिम सेवा शुल्क लिई बैंकमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

२. समितिका सदस्य सचिवले सेवा प्रवाह स्थितिका अद्यावधिक विवरण प्रत्येक वर्षका जेष्ठ मसान्तमा गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

३ लिम्चुङबुङ गाउँपालिकाअन्तर्गत बसोवास गर्ने सेवाग्राही, गाउँकार्यपालिकामा कार्यरत कर्मचारीहरुलाई विशेष छुट दिने नदिने निर्णय गर्नेछ ।

**६. सेवा शुल्क सम्बन्धी व्यवस्थाः**

१. एम्बुलेन्स सेवा प्रयोग गरे वापत सम्बधित सेवाग्राहीले अनुसूची १ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कका रुपमा बुझाउनु पर्नेछ । तर आर्थिक रुपले विपन्नलाई दफा ३ को उपदफा १ बमोजिमको समितिले निर्णय गरे बमोजिम हुनेछ । ***#पहिलो संशोधनबाट थपघट गरिएको***

२. सेवा दिए बापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ।

३. सो कोषको संचालन तथा व्यवस्थापन समितिको निर्णयानुसार हुनेछ। कोषको रकम सामान्यतया चालकको तलब भत्ता इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्री लगायतको खरिदमा खर्च गरिनेछ।

४. यस गाउँपालिका भरिका सुत्केरीहरुलाई अस्पतालले रेफर गरे बमोजिम नेपालका कुनै पनि स्थानको अस्पतालमा लैजादा एम्बुलेन्स प्रयोग गरे बापत कुनै पनि सेवा शुल्क लिईने छैन ।

५. यस गाउँपालिका भरि एम्बुलेन्स कुनै विरामीले एम्बुलेन्स प्रयोग गर्नु परेमा सम्बन्धित वडाको स्वास्थ्य चौकीले सिफारिस गरेको आधारमा बापत कुनै सेवा शुल्क लाग्ने छैन। स्वास्थ्य चौकीले त्यस्तो विरामी सिफारिस गर्दा विरामीको जटिल अवस्थाको बारेका खुलाउनु पर्नेछ ।

६. गाउँपालिकाको एम्बुलेन्स संचालन वापतको प्राप्त सेवा शुल्क गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा हुनेछ।

**७. चालकको नियुक्ति र सेवा सुविधाः**

१. एम्बुलेन्स सेवा संचालनका लागि गाउँकार्यपालिकाले एक जना योग्यता चालक सेवा करारमा नियुक्ती गर्नेछ ।

२. चालकको पारिश्रमिक गाउँपालिकाले तोकिए बमोजिम हुनेछ।

३. गाउँपालिकाले चालकको परिश्रमिक सम्बन्धमा आवश्यकता अनुसार पुनरावलोकन गर्न सक्नेछ।

४. चालकको रु ५ लाख सम्मको दुर्घटना बीमा गरिनेछ। बीमाका प्रिमियम बापतको रकम यसै निर्देशिका बमोजिमको कोषवाट बेहोरिनेछ ।

४. एम्बुलेन्स पदमा नियुक्ति भएका चालकले अनुसूचि २ बमोजिमको आचारसंहिता पालना नगरेमा एकपटकको लागि स्पष्टिकरण सोधिनेछ तर आचरण सुधार नगरी बारम्बार आचारसंहिता उल्लघन गरेमा निज सगको सेवा करार निरन्तरता रहने/नरहने सम्बन्धि निर्णय एम्बुलेन्स व्यबस्थापन तथा संचालन समितिले गर्नेछ।

५. एम्बुलेन्स सेवा सुचारु हुंदा कोशी प्रदेश भरि र मधेश प्रदेशको सप्तरी, सिराहा, महोत्तरी, धनुषा र बारा जिल्लामा जाँदा कुनै भत्ता उपलब्ध गराईने छैन। अन्य क्षेत्रको हकमा दफा ३ को उपदफा १ बमोजिमको समितिको निर्णय बमोजिम हुनेछ ।

६. चालकलाई संचालक समितिको निर्णयले थप अन्य सुविधा उपलब्ध गराउन सक्नेछ ।

---

***#पहिलो संशोधन***

**८. एम्बुलेन्स रहने स्थान र सोको मर्मत संभार**

१. यस गाउँपालिकाको स्वामित्वमा रहेको एम्बुलेन्स लिम्चुङवुङ गाउँपालिका वडा, नं. ३ रहेको एल. बी. कार्की स्मृति अस्पतालको हाताभित्र रहनेछ।

२. एम्बुलेन्सको नियमित मर्मत संभार गर्ने जिम्मेवारी चालकको हुनेछ र मर्मत गर्नु पर्ने भएमा बढीमा महिनामा रु ५०००/- रुपैया पाच हजार सम्मको इस्टीमेट अनुसारको मर्मत दफा ४ को उपदफा (१) वा सो भन्दा बढीको मर्मत नभएमा उक्त समितिको सिफारीसमा दफा ३ को समितिले निर्णय गरे बमोजिम हुनेछ ।

३. एम्बुलेन्स चालु अवस्थामा राख्ने जिम्मेवारी चालकको हुनेछ ।

**९. विविध**

१. एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधिका विवरण अनुसुची (३) बमोजिम हुनेछ।

२. एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीका विमाका दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

३. यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन गाउँ कार्यपालिकाले गर्नेछ ।

स्थानीय राजपत्र

**अनुसूची १-**

(निर्देशिकाको दफा ६ संग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

सि.नं. स्थान देखि स्थान सम्म स्वीकृत दररेट कैफियत एम्बुलेन्सका तोकिएको सेवा शुल्क र माग फाराम भरी विरामी लैजान अगावै कार्यालयमा बुझाउनु पर्नेछ ।

| सि.नं | ठेगाना | भाडा दर | कै |
|---|---|---|---|
| १ | लिम्चुङबुङ-गाईघाट | ९००० | एकतर्फी |
| २ | लिम्चुङबुङ-धरान | १३००० | |
| ३ | लिम्चुङबुङ-विराटनगर | १४००० | |
| ४ | लिम्चुङबुङ-लहान | ११००० | |
| ५ | लिम्चुङबुङ-राजविराज | १४००० | |
| ६ | लिम्चुङबुङ-काठमाडौं | २५००० | |
| ७ | लिम्चुङबुङ-चितवन | २०००० | |
| ८ | बाँसबोटे-बाराहा | १५०० | |
| ९ | कुनाही-छतिवने-लैकुघाट देखि बाराहा | २००० | |
| १० | राम्चेखर्क, रोटाबास, पिप्ले, कार्तिके,छाताङ, बलम्ता डाँडाटोल-बाराहा | १५०० | |
| ११ | सिर्वानी,नागि, पाप्रे, यारीखोला, आहाले, फ्याङ्सुली, ताम्लिछा टेकानपुर-बाराहा | १५०० | |
| १२ | कोलटार, निसिन्टार, सिम्ले-बाराहा | ८०० | |
| १३ | बलम्ता माझगाउँ मुनि, मिनासिका, खलङ्गा, खोलागाउँ-बाराहा | २००० | |
| १४ | चौलाने, जाँते, ढुकुरथुम, थुम्की, ठानागाउँ-बाराहा | २५०० | |

१५. अन्यको हकमा दफा ३ को उपदफा १ को समितिले भाडा दर तोक्न सक्नेछ ।

१६. भाडादर दफा ३ को उपदफा १ को समितिले जुनसुकै वेलामा पुनरावलोकन गर्न सक्नेछ।

## अनुसुची - २

(निर्देशिकाको दफा ७ को उपदफा (४) संग सम्बन्धित) एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स संचालन निर्देशिका, २०७८ लाई पूर्णतः पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारीता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने कममा बिरामी तथा विरामीका परिवारलाई सधै सम्मान पूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफैले लिएका निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथै आफैमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

७. कुनै पनि विरामीलाई ओसारपसार गर्नु अघि उसका बारेमा प्रयाप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८. विरामीलाई विच बाटोमा अलपत्र हुने गरी छाड्न नहुने,

९. आफ्नो कामको सिलसिलामा पाएको कुनै सुचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेश्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा विरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचना बारेमा जानकारी दिन सक्ने,

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्धत पुर्याउनु पर्ने,

११. आफुले उचित देखेका बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने। प्रचलित कानूनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन नियमानुसार स्वयं सजायको भागेदारी हुनेछ ।

१३. सेवा शुल्क वापत संकलन गरिएको रकमको मासिक विवरण समितिलाई बुझाउनु पर्नेछ र संकलन गरिएको उक्त रकम तोकिएको बैङ्क खातामा समयमै दाखिला गर्नुपर्ने छ।

१४. एम्बुलेन्स सेवा उपलब्ध गराउदा कहाँ कुन ठाउ गएको वा आएको सोको सम्पुर्ण विवरण लग बुकमा उल्लेख गर्नु पर्नेछ।

म...................... ठेगाना.................................................ना.प्र.प.नं...................................... जारी मिति ......................... जिल्ला, ड्राईभिङ लाइसेन्स नं.................................. जारी मिति............................ ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु। उदयपुर जिल्ला लिम्चुङबुङ गाउँपालिकाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको

चालकको:

नामः

दस्तखतः

मितिः

रोहवरमा प्रमाणित गर्ने व्यक्तिकोः

नामः

दस्तखतः

पदः

मितिः

कार्यालयको छापः

**अनुसुची ३**

**एम्बुलेन्स संचालन अभिलेख**

| मिति | संचालन भएको समय | | सेवाग्राहीको नाम | कै. |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

स्थानीय राजपत्र

| रेकर्ड राख्ने | रुजु गर्ने | प्रमाणित गर्ने | स्वीकृत गर्ने |
|---|---|---|---|
| सवारी चालक | प्रशासन शाखा | स्वास्थ्य संयोजक | प्रमुख प्रशासकीय अधिकृत |

अनुसुची ४

**एमबुलेन्स मर्मत सम्भार सम्बन्धी अभिलेख**

| मिति | मर्मत खर्चको विवरण | | | जम्मा खर्च | मर्मत कम्पनी | कै. |
|---|---|---|---|---|---|---|
| | समान | ज्याला | लुब्रिकेन्टस | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

रेकर्ड राख्ने
जिन्सी प्रमुख

प्रमाणित गर्ने
स्वास्थ्य संयोजक

स्वीकृत गर्ने
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय राजपत्र

**अनुसुची ५**

(निर्देशिकाको दफा ९ को उपदफा (१) संग सम्बन्धित)

"ग" वर्गको (Common Life Support CLS) एम्बुलेन्समा हुनुपर्ने औषधि र उपकरणको विवरण

- First Aid का समानहरु
- Oxygen Cylinder, Flow Mater/Mask जडित वा जरुरी परेमा राख सकिने अन्य साधनहरु
- IV Injection दिन सकिने व्यवस्था
- Stretcher cum Board
- Stethoscope, B.P. Apparatus, Torchlight
- Driver with training in first aid and emergent medicine

२०८२/१०/२५

**आज्ञाले:**

सन्देश राई

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय राजपत्र